का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ कातिक २०७९,
मंगलबार
15 November 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २६९ । पृष्ठ १६ Madhyanha National Daily www.madhyanhadaily.com



निर्वाचन आयोगका अनुसार राजनीतिक दल, उम्मेदवार र सम्बन्धित पक्ष आफैँ सचेत र संयमित भएकाले विगतका निर्वाचनको तुलनामा यसपटक कमै मात्रामा उल्लंघनका घटना देखिएका छन् ।

सुर्खेतको भेरीगंगा नगरपालिका-७ मा सर्वसाधारणलाई मतपत्र पट्याउन सिकाउँदै स्वयम्‌सेविका । जिल्लामा कातिक १९ गतेदेखि मतदाता शिक्षा सुरु भएको छ ।
तस्बिर : सुरेश आचार्य/रासस

आयोगको दावी

## कम भड्किलो चुनावी प्रचार



आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ आचारसंहिता कार्यान्वयन गर्ने/गराउने निर्णय गर्दै आएको छ र त्यसको अनुगमन नियमितरूपमा भइरहेको छ ।

**रामप्रसाद भण्डारी**
निर्वाचन आयुक्त

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ कात्तिक

निर्वाचन आयोगका अनुसार यसपटकको चुनावी प्रचार संयमित छ । राजनीतिक दल, उम्मेदवार र सम्बन्धित पक्ष आफैँ सचेत र संयमित भएकाले विगतका निर्वाचनको तुलनामा यसपटक कमै मात्रामा आचारसंहिता उल्लङ्घनका घटना देखिएका छन् ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि कडाइका साथ प्रस्तुत भई निर्वाचन आचारसंहिता, २०७९ कार्यान्वयनमा ल्याएको आयोगले जनाएको छ । तथापि, आयोगका अधिकारीहरूका अनुसार आचारसंहिता कार्यान्वयनको ४८ औं दिनसम्ममा डेढ सय उजुरी परेका छन् ।

आयोगबाट गठित केन्द्रीय निर्वाचन अनुगमन समितिले केन्द्र र जिल्ला स्तरमा संयन्त्र बनाई आचारसंहिताको कार्यान्वयन गर्दै आएको छ । गत असोज १२ गतेदेखि उक्त आचारसंहिता कार्यान्वयनमा आएको थियो भने कात्तिक १७ देखि मंसिर १ गतेसम्म दल र उम्मेदवारले आमसभा, कोणसभा, जुलुस र सञ्चारमाध्यमका माध्यमबाट प्रचारप्रसारका लागि निर्धारण गरेको थियो । मंसिर १ गते राति १२ बजेदेखि मतदानको दिनसम्म निर्वाचन प्रचारप्रसार निषेध (स्थिर अवधि) मानिनेछ ।

निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ आचारसंहिता कार्यान्वयन गर्ने/गराउने निर्णय गर्दै आएको र त्यसका अनुगमन नियमितरूपमा भइरहेको बताए ।

उनी भन्छन्, 'आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ आचारसंहिता कार्यान्वयन गर्ने/गराउने निर्णय गर्दै आएको छ र त्यसको अनुगमन नियमितरूपमा भइरहेको छ ।' निर्वाचन आयुक्त भण्डारीकाअनुसार हालसम्म विभिन्न माध्यमबाट एक सय ४९ वटा उजुरी परेका

– बाँकी पृष्ठ २ मा

जथाभावी फोहोर नफालौं
सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

*शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## पाँच लाख नयाँ मतदाता

**शिवराज परियार /मध्यान्ह**
काठमाडौं, २८ कात्तिक

पछिल्लो ६ महिनाको अवधिमा करिब ५ लाख नयाँ मतदाता थपिएका छन् । निर्वाचन आयोगको तथ्याङ्क अनुसार गत ३० वैशाखमा सम्पन्न स्थानीय निर्वाचनको तुलनामै ४ मंसिरमा हुने चुनावमा ५ लाख नयाँ मतदाता थपिएका हुन् ।

आयोगका अधिकारीहरुका अनुसार स्थानीय तह चुनावमा नाम भएका साढे २ लाख मतदाताको नाम हटेको छ । तर, करिब ५ लाख थपिएको छ ।

निर्वाचन आयोगको विवरण अनुसार ४ मंसिरको निर्वाचनमा १ करोड ७९ लाख ८८ हजार ५७० कुल मतदाता छन् । तीमध्ये ९१ लाख ४० हजार ८०६ पुरुष र ८८ लाख

– बाँकी पृष्ठ २ मा



भारतलाई निर्वाचन आयोगको पत्र

## 'रेडियोबाट चुनाव प्रचार गर्न नदिनू'

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ कात्तिक

रेडियोबाट चुनाव प्रचार गर्न नदिन आग्रह गर्दै भारत सरकारलाई निर्वाचन आयोगले पत्राचार गरेको छ । पत्र मार्फत निर्वाचनका क्रममा उम्मेदवारहरुले भारतीय सीमावर्ती क्षेत्रबाट गर्ने प्रचारप्रसार रोक्न भनिएको छ ।

निर्वाचन आयोगका अधिकारीहरुका अनुसार आयोगले परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई पत्र पठाएको हो । स्थानीय एफएमहरुबाट उम्मेद्वार र दलहरुको प्रचारप्रसार गर्ने सामग्री प्रसारण नहुने व्यवस्था गर्न चिठ्ठी लेखिएको हो ।

आयोगका अधिकारीहरुका अनुसार निर्वाचनका बेलामा भारतीय सीमावर्ती जिल्ला र निर्वाचन क्षेत्रका उम्मेद्वारहरुले त्यहाँका सञ्चार माध्यमहरुमा प्रचारप्रसार गर्ने चलन थियो । यसैलाई दृष्टिगत गरी विदेशी सञ्चारमाध्यममा निर्वाचन प्रचारप्रसारमा रोक लगाउने आचारसंहिता बनेको छ । आचारसंहिता अनुसार भारतलाई पत्राचार गरिएको हो ।

निर्वाचन आयोगका उपसचिव कमल भट्टराई भन्छन्, 'निर्वाचनका दौरान नेपालका कुनै पनि दल र उम्मेद्वारहरुको प्रचार-प्रसारसम्बन्धी सामग्री प्रशारण नहुने व्यवस्था गरिदिन आयोगले परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई

– बाँकी पृष्ठ २ मा

निर्वाचनका दौरान नेपालका कुनै पनि दल र उम्मेद्वारहरुको प्रचार-प्रसारसम्बन्धी सामग्री प्रसारण नहुने व्यवस्था गरिदिन आयोगले परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई अनुरोध गरेको हो ।

**कमल भट्टराई, उपसचिव, निर्वाचन आयोग**



वैदेशिक रोजगार विशेष

## श्रम कानून सुधारबाट ९० प्रतिशत आप्रवासी कामदार लाभान्वित भएको कतारको दाबी

**विनोद थापामगर/मध्यान्ह**
दोहा, कतार, २८ कात्तिक

कतारले श्रम कानून र अन्य पक्षमा गरिएको सुधारका कारण आफ्नो मुलुकमा कार्यरत करिब ९० प्रतिशत आप्रवासी कामदार लाभान्वित भएको बताएको छ । कतारमा आगामी हप्ता विश्वकप फुटबलको महासंग्राम शुरुवात हुँदै छ । तर पश्चिमी मुलुकहरूले नेपालीसहित आप्रवासी कामदारमाथि शोषण भइरहेको र उनीहरूले पाउन बाँकी ज्यालाका लागि छुट्टै कोष बनाउनुपर्ने दबाब रहेको छ ।

कतारले कतार युनिभर्सिटीमार्फत हालै गरेको एक अध्ययनले आफ्नो मुलुकले श्रम कानून र अन्य पक्षमा गरिएको सुधारका कारण आफ्नो मुलुकमा कार्यरत ८९ प्रतिशत आप्रवासी कामदार लाभान्वित भएको बताएको छ ।

कतारमाथि आप्रवासी कामदारमाथि अतिरिक्त समय काम गर्नुपर्ने बाध्यता, आवश्यक आराम गर्न नपाउने अवस्था, ऋणको बोझ,

– बाँकी पृष्ठ २ मा

### वैधानिक प्रक्रिया बिना विदेश नबस्न नेपाली कामदारहरूलाई आग्रह

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम स्वीकृतिको वैधानिक प्रक्रिया बिना विदेशमा नबस्न वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूलाई आग्रह गरेको छ । बीमा र कल्याणकारी कोषको रकम अनलाइनमार्फत भुक्तानी गरेपछि पुनः श्रम स्वीकृतिका लागि नेपाल आउनुपर्ने बाध्यता हटाइएको भन्दै मन्त्रालयले एक सूचनामार्फत श्रम गन्तव्यका नियोगबाट पुनः श्रम स्वीकृति अनिवार्यरूपमा लिन आग्रह गरेको छ । तोकिएको रकम तिरी बीमा गरेर पुनः श्रम स्वीकृति नलिएको अवस्थामा

– बाँकी पृष्ठ २ मा

## परीक्षणमा एकीकृत समाजवादी

नेकपा एकीकृत समाजवादीका नेता/कार्यकर्ता प्रत्यक्षमा २० सिट बढी चुनावी नतिजा हासिल हुनेमा विश्वस्त छन् ।



यो चुनावमा माधव नेपालले सजाय पाउँछन् ।

**केपी ओली**
अध्यक्ष, नेकपा एमाले



निर्वाचनमा देशभरबाट २० लाख मत पाउँछौं ।

**माधव नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ कात्तिक

सत्तारुढ गठबन्धनभित्रको दल नेकपा एकीकृत समाजवादीको लागि आगामी निर्वाचन थप चुनौतीपूर्ण बन्ने भएको छ । देशभरबाट ३० जिल्लामा मात्रै उम्मेद्वार हुँदा र गठबन्धनकै कारण उत्साहपूर्ण चुनावी नतिजा ल्याउन संकट पर्ने देखिएको हो । अझ, उठेका उम्मेद्वारहरु पनि आफ्नो भन्दापनि अरु दलकै भरमा चुनाव जित्ने तयारीमा हुँदा जनताले मत नहाले के गर्ने भन्ने खालका प्रश्न पनि उठ्न थालेका हो । तर, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल आगामी चुनावमा आफ्नो पार्टीलाई २० लाख मत आउने दाबी गर्छन् । ' गत स्थानीय निर्वाचनमा त हामीले १० लाख मत पाएका थियौं भने आगामी निर्वाचनमा त देशभरबाटै हामीले २० लाख मत पाउँछौ, यद्यपि

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४५८७४०५

# डा. तोसिमा कार्कीको उम्मेदवारी कायम

**काठमाडौं/मस–** सर्वोच्च अदालतले ललितपुर-३ मा प्रतिनिधिसभा सदस्यतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार डा. तोसिमा कार्कीको नेपाल मेडिकल काउन्सिलको सदस्य पद लाभको नभएको आदेश गरेको छ । न्यायाधीश ईश्वरप्रसाद खतिवडा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले सोमबार डा. कार्कीको पदलाई लाभको पद भन्न नमिल्ने व्याख्या गरेको हो ।

'निवेदिका नियमितरूपमा पारिश्रमिक वा आर्थिक सुविधा पाउने पदमा बहाल रहेको वा त्यस प्रकारको सुविधा लिएको नभई मेडिकल काउन्सिलबाट अनुगमन गर्दाको सन्दर्भमा भ्रमण भत्ताजस्ता अस्थायी वा भैपरी प्रकृतिका सामान्य रकम भुक्तानी लिएको भन्नेसम्म देखियो', अदालतको आदेशमा भनिएको छ, 'यसरी भुक्तानी लिएको कुरालाई नै आधार मानेर नेपालको संविधानको धारा ८७ (१) ङ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ ङ को प्रयोजनका लागि 'लाभको पदमा बहाल रहेको' भनी मान्न मिल्ने देखिएन ।'



सर्वोच्च अदालतको अन्तरिम आदेश बदर गर्न माग गर्दै निर्वाचन आयोगले दर्ता गरेको भ्याकेट निवेदनमाथि सुनुवाइ गर्दै अदालतले सो आदेश गरेको हो । निर्वाचन आयोगले डा. कार्की नेपाल मेडिकल काउन्सिलको निर्वाचित सदस्य रहेको र उक्त पद लाभको पद भएको उल्लेख गर्दै यही १२ कात्तिकमा उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो ।

आयोगको उक्त निर्णयविरुद्ध डा. कार्की सर्वोच्च अदालत जानुभएको थियो । सर्वोच्च अदालतले कार्कीको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णय तत्काल कार्यान्वयन नगर्न यही कात्तिक १५ गते अन्तरिम आदेश दिएको थियो । अदालतको उक्त आदेश खारेज गर्न माग गर्दै निर्वाचन आयोगले यही कात्तिक १८ गते भ्याकेट निवेदन दर्ता गरेको थियो । अदालतको आदेशसँगै डा. कार्कीको उम्मेदवारी कायम रहनेछ ।

# पाल्पा-२ मा राप्रपा नेपालका उम्मेदवार कांग्रेसमा प्रवेश

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, २८ कात्तिक

पाल्पा क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिएका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका जिल्ला अध्यक्ष खडानन्द गैरे नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । आगामी मसिंर ४ गते हुने निर्वाचनका लागि घरलैलो अभियानमा सक्रिय रहेका गैरे आइतबार कांग्रेसमा प्रवेश गरेका हुन् । लामो समय राप्रपाको राजनीतिमा सक्रिय गैरेले एक विज्ञप्ति जारी गर्दै कांग्रेसमा प्रवेश गरेको घोषणा गरेका हुन् ।

'राप्रपा सदाका लागि परित्याग गर्दै, मेरो उम्मेदवारी निष्क्रिय रहेको र कांग्रेससँगको सहकार्यमा आगामी निर्वाचनमा उम्मेदवार बनेका सत्ता गठबन्धनका उम्मेदवारलाई पूर्ण समर्थन र सहयोग रहने छ' विज्ञप्तिमा भनिएको छ । गैरेलाई कांग्रेस पाल्पाका



सभापति हिमालदत्त श्रेष्ठले पार्टी सदस्यता हस्तान्तरण गरेका थिए । गैरेलाई स्वागत गर्दै पार्टीमा उचित स्थान दिने उनले बताए ।

पाल्पा क्षेत्र नम्बर २ बाट एमालेका ठाकुर प्रसाद गैरे, सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका सोम प्रसाद पाण्डेय, जनता समाजवादी पार्टी नेपालका देवबहादुर हिस्की, राष्ट्रिय स्वतन्त्र पार्टीका सोमप्रसाद गैरे, राष्ट्रिय जनमुक्ति पार्टीका हुमबहादुर थापा मगर, नेपाल मजदुर किसान पार्टीका शिवसुन्दर भुख्वा, मङ्गोल नेसनल अर्गनाइजेसनका मनबहादुर दर्लामी, नेपाल आमा पार्टीका तारा बहादुर खत्री, जनता समाजवादी पार्टीबाट दुर्पता सोमई र स्वतन्त्र बाट उपेन्द्रराज गैरे र जीवलाल सुवेदी उम्मेदवार रहेका छन् ।

## कम...

आवश्यक चाँजबुझ गरी ११६ वटा स्पष्टीकरण सोधिएकामा ९ वटा घटनामा कारबाही, सचेत र निर्देशनसमेत गरी निर्णय भइसकेको छ । केन्द्रीय निर्वाचन अनुगमन समितिका संयोजक भण्डारीले स्पष्टीकरण सोधिएकामध्ये ३५ वटा घटनामा निर्णयका लागि आवश्यक कागजात र फाइलहरू तयार भइसकेकाले चाँडै किनारा लगाइनेछ । यसबीचमा उक्त केन्द्रीय समितिको दुईवटा बैठक सम्पन्न भएका छन् ।

राजनीतिक दल तथा उम्मेदवारबाट हुन सक्ने निर्वाचन आचारसंहिता उल्लघंन तथा निर्वाचन खर्चको हदबमोजिम कार्यान्वयनका सम्बन्धमा आफ्ना स्थानीय संरचना परिचालन गरी सूक्ष्म अनुगमन गर्न र सोको विवरण आयोगमा उपलब्ध गराउन नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई आयोगले यसअघि निर्देशन दिइसकेको छ भने आचारसंहिता विपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारबाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिइएको छ ।

विभिन्न मन्त्रालयका सचिवहरू र सुरक्षा निकायका प्रतिनिधि सहभागी समितिको आइतबारको बैठकले समितिको आजको बैठकले कसैलाई डर, त्रास, धाक, धम्की प्रलोभन दिनेजस्ता कार्य गरेको लगायतका क्रियाकलाप भए/गरेको पाइएमा निगरानी राखी तत्काल जानकारी गराउने र कारबाही गर्नुपर्ने विषयमा कारबाही प्रारम्भ गर्न जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत र अनुगमन अधिकृतलाई निर्देशन दिएको छ ।

जिल्ला आचारसंहिता अनुगमन समितिले आफैँ स्पष्टीकरण र कारबाही गरेका विवरणहरू भने आयोगले तयार गरिसकेको छैन । आयोगले कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न सबै जिल्लाका निर्वाचन आचारसंहिता अनुगमन अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख) लाई निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (२) मा सो दफाको उपदफा (१) को खण्ड (ज) विपरीत कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राखेमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही हुने स्पष्ट व्यवस्था भएको स्मरण गराउँदै आएको छ ।

निर्वाचन आचारसंहिता तथा निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ विपरीत त्यस्तो प्रचार सामग्री राखिएको, भित्तेलेखन गरिएको, तुलब्यानर टाँगिएको, डिजिटल डिस्प्ले गरिएको, पर्चा टाँसिएको अवस्थामा सम्बन्धित उम्मेदवारलाई स्पष्टीकरण सोधी २४ घण्टाभित्र त्यस्तो सामग्री हटाउन वा त्यस्तो स्थान दुरुस्त गर्न लगाउने र सो बमोजिम नगरेमा निजलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) वा (४) बमोजिम जरिवाना गर्ने तथा उम्मेदवारी रद्द गर्ने कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधी कारबाहीका लागि सिफारिससाथ आयोगमा लेखी पठाउन पनि आयोगले निर्देशन दिएको छ ।

## पाँच...

४७ हजार ५७९ महिला हुन् । १८५ जना अन्य लिंगी छन् ।

गत वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता थिए । तीमध्ये ८९ लाख ९२ हजार १० पुरुष छन् र ८७ लाख ४१ हजार ५३० महिला हुन् । १८३ अन्य लिंगी छन् ।

६ महिनाअघिको निर्वाचनको तुलनामा यो पटक २ लाख ५४ हजार ८४७ जना मतदाता थपिएको देखिन्छ । निर्वाचन आयोगका उपसचिव कमल भट्टराईले छ महिनाको अवधिमा करिव ५ लाख नयाँ मतदाता थपिएको बताए ।

आयोगका उपसचिव कमल भट्टराईका अनुसार, छ महिनाको अवधिमा मृत्यु भएका, दोहोरो परेका र बसाइसराइ लगायतका कारण अद्यावधिक नभएका विवरण अद्यावधिक गरिएको छ, जसका कारण करिव साढे २ लाख पुराना मतदाता घटेका थिए । उपसचिव भट्टराईले भने, 'ती समेत घटाउँदा साढे २ लाख मतदाता बढेकाले कुल ५ लाख नयाँ मतदाता थपिएको अनुमान छ ।'

**मतदानस्थल र मतदान केन्द्र थपियो**

निर्वाचन आयोगले गत ३० वैशाखको स्थानीय निर्वाचनमा भन्दा १३६ वटा मतदानस्थल र २७२ मतदान केन्द्र थपेको छ । आयोगका अनुसार एउटा मतदान स्थलमा एक हजारभन्दा बढी मतदाता भएमा मतदान केन्द्र थपिन्छ ।

वैशाखको स्थानीय निर्वाचनमा १० हजार ७५६ मतदान स्थल रहेकोमा अहिले बढाएर १० हजार ८९२ बनाइएको छ । त्यसैगरी पहिले २१ हजार ९५५ मतदान केन्द्र रहेकोमा अहिले २२ हजार २२७ केन्द्र बनाइएको छ ।

## भारतलाई ...

अनुरोध गरेको हो ।' पत्राचार अनुसार भारतलेसमेत स्थानीय एफ.एम. स्टेशनहरुलाई पत्राचार गरेर निर्वाचन प्रचारप्रसारका सामग्री नबजाउन अनुरोध गर्नुपर्नेछ ।

निर्वाचन खर्च विवरण जानकारी नहुने, नेपालबाट निगमन र अनुगमन हुन नसक्ने भन्दै निर्वाचन आयोगले नेपालसँग सीमा जोडिएका भारतीय शहर र बजारमा स्थापित एफ.एम स्टेशनहरुबाट प्रसारण हुने प्रचार-प्रसारका सामग्रीलाई चुनौतीका रुपमा लिने गरेको थियो । त्यसैका लागि पत्राचार भएको उपसचिव भट्टराईले बताए ।

यसअघि निर्वाच्न आयोगले नेपालस्थित विभिन्न मुलुकका राजदूत तथा कुटनीतिक नियोगका प्रमुखहरुलाई मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनबारे जानकारी गराएको छ ।

साथसाथै, निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनका लागि आवश्यक कर्मचारी नियुक्ति, तालिम सकेपछि अब सामग्री बुझाउने काम मात्र बाँकी रहेको निर्वाचन आयोगले जनाएको छ ।

तालिममा कानुनी, व्यावहारिक र सैद्धान्तिक पक्षबारे जानकारी दिइएको छ । मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य, अधिकारको क्षेत्र तथा मतदान केन्द्र निर्माण गर्ने तरिकाका विषयमा जानकारी गराइएको छ । मतदान केन्द्रमा पुग्नुअघि र पुगेपछि गर्नुपर्ने काम, मतदातालाई भित्र भोट हाल्न कसरी पठाउने, भोट हालिसकेपछि सुरक्षित कसरी बाहिर ल्याउने, निर्वाचन सकिएपछि के के गर्नेलगायत विषयमा तालिममा जानकारी गराइएको छ । मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्यरुपमा वर्गीकरण गरी सोहीअनुसारको सुरक्षा प्रबन्ध मिलाइएको छ ।

## श्रम...

बसोवासमा समस्या जस्ता कारणले आप्रवासी कामदारको अस्वभाविक मृत्यु हुने तर मृत्युको वास्तविक कारण खोजी नगरिएको सहित हाल गरिएका सुधारका प्रतिबद्धता पनि विश्वकप फुटबल प्रतियोगिता पछि अलपत्र पार्ने आरोप लागेको छ ।

तर कतारले आफ्नो मुलुकले गरेका सुधारका काम निश्चित मुलुक र पक्ष मात्रै सन्तुष्ट हुन नसकेको भन्दै कतारमा अन्तर ाष्ट्रिय श्रम संगठन (आईएलओ) को कार्यालय स्थापनापछि ती आरोपहरू निराधार सावित भएको बताएको छ । कतार युनिभर्सिटीले दिएको प्रतिवेदनले कतार सरकार र आईएलओका बीचमा आप्रवासी कामदारको सुरक्षा मामिलामा बलियो सहकार्य हुनुपर्नेमा जोड दिएको छ ।

कतारको श्रम मामिला मन्त्रालयका सहायक उपसचिव मोहम्मद हसन अल ओवाद्लीले आईएलओको कार्यालय स्थापनाले आप्रवासी कामदारका अन्तर ाष्ट्रिय अधिकारहरूको अध्ययन र कार्यान्वयनमा सहज हुने ठानिएको बताए । उनले कतारले आप्रवासी कामदारका अधिकारका पक्षमा जारी राखेका सुधार सिँगो मध्यपूर्व र खाडी मुलुकहरूका लागि पथ प्रदर्शक भएको भन्दै यस वर्षको अन्त्यमा सिंगापुरमा आयोजना गरिने एशियाली मुलुकका श्रममन्त्रीहरूको सम्मेलन सुधारका प्रयासहरूलाई नयाँ उचाइ प्रदान गर्ने विश्वास लिएको बताए ।

उनले कतारका रोजगारदाताहरूले कानूनी व्यवस्थाको सधैं इमानदारितापूर्वक परिपालना गरेको दाबी गर्दै आफ्नो मुलुकले द्विपक्षीय तथा बहुपक्षीय रचनात्मक छलफलका माध्यमबाट आप्रवासी कामदरका अधिकार रक्षाका पक्षमा काम गर्न चाहेको बताए ।

## वैधानिक...

मृत्यु, अंगभंग वा अन्य अवस्थामा आश्रित परिवारले सहयोग पाउने कानूनी बाटो बन्द हुनसक्ने पनि मन्त्रालयले उल्लेख गरेको छ ।

वैदेशिक रोजगार विभागले अघिल्लो वर्ष मंसिरबाट गन्तव्य मुलुकमा रहेका नियोगबाट पुनः श्रम स्वीकृति लिन सकिने व्यवस्था गरेको थियो ।

मन्त्रालयले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफईआईएमएस)मा नियोगबाट दिने श्रम स्वीकृति सेवालाई समावेश गरिएको भन्दै श्रम स्वीकृतिको म्याद सकिएका कामदारले सम्बन्धित देशको नियोगमार्फत नै स्वीकृति नवीकरण गर्न सक्ने बताएको छ ।

मन्त्रालयले फेमिसलाई वैदेशिक रोजगारीका लागि काम गर्दै राहदानी विभाग, वैदेशिक रोजगार बोर्ड, बीमा, म्यानपावर कम्पनी, अध्यागमन विभाग, कन्सुलर विभाग, तालिम प्रदायक संस्था र नियोग लगायत १ दर्जन निकायलाई जोडेको छ ।

त्यस्तै मन्त्रालयले वैदेशिक रोजगार विभागले श्रम स्वीकृतिका लागि कामदरले सम्बन्धित देशमा रहेको आफ्नो बैंक खाताबाट बीमा शुल्क र कल्याणकारी कोषको रकम जम्मा गर्न सकिने व्यवस्था गरेको पनि स्मरण गराएको छ ।

## परीक्षणमा...

धेरै जिल्लामा हाम्रा उम्मेद्वार नभएको कुरा सत्य हो' अध्यक्ष नेपालले चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै भने । उनले आगामी निर्वाचनमा आफूहरु चौथो पार्टी बन्ने दाबी गरेका छन् । तेह्रथुम, सोलुखुम्बु, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, गोरखा, मनाङ, लमजुङ, तनहुँ, मुस्ताङ, बागलुङ, पर्वत, म्याग्दी, अर्घाखाँची, रुपन्देही लगायतका जिल्लामा समाजवादी उम्मेदवारविहीन छ । गठबन्धनका कारण अधिकांश जिल्लामा उम्मेद्वार नउठाएको समाजवादी आगामी चुनावबाट सकिने नेकपा एमालेका अध्यक्ष ओलीको आरोप छ ।

'माधव नेपाल त यही चुनावबाट समाप्तै हुन्छन्, माधव नेपालको पार्टी मैले अस्ति नै भनेको थिएँ, 'खरानीको डल्लो' पानीमा भिजाएर राखेको खरानीको डल्लो, पानी अलीकती सुकेपछि फासफुस । यो चुनावमा माधव नेपालले गरेका जनताको चाहना, विकासविरुद्ध र राष्ट्रिय चाहनाविरुद्धका अपराधको सजाय माधव नेपालले यस चुनावमा पाउँछन्' चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले भने ।

गत स्थानीय तहको चुनावमा करिब ४ लाख मत प्राप्त गरेको मतलाई आधार मान्दा झण्डै ४ लाखको हाराहारी रहेको देखिन्छ । तर, जितेका २० वटा स्थानीय तहका प्रमुखको मत हिसाब गरेर समाजवादीले करिब ९ लाख मत प्राप्त गरेको दाबी गर्दै आएको छ । एकातिर नयाँ पार्टी र स्वतन्त्र उम्मेद्वारप्रतिको आकर्षण बढ्नु अनि अर्कातिर समाजवादीले पार्टीको चुनाव चिन्हबारे राम्रो प्रचार नगर्दा सकारात्मक परिणाम हासिल गर्न चुनौती थपिने देखिएको हो । अझ, चुनावमा उम्मेद्वार बन्न नपाउँदा र अन्य पार्टीमा अवशर पाउने सम्भावनाले पार्टी छाड्नेहरुको संख्या बढ्दा मत परिणाम थप खस्कने आशंका बढेको छ । तर पनि, समाजवादीका नेताकार्यकर्ता २० सिट बढीको नतिजा हासिल पार्नेमा विश्वस्त देखिएका छन् ।


**कुवेतमा रोजगार** | कम्पनी : MEGA TECH ELECTRICAL CONTRACTING VOMPANY W.L.L.
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०४/१२ चलानी नं.: ६०१८३९४८ LT. No.: 268213 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 45 | 50 | सम्बन्धित कामामा दक्ष | 85 | ३५,२७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 60 | 0 | | 95 | ३९,४२७ | | | | | | | |

**ओमनमा रोजगार** | कम्पनी : AL-MANARATAIN SERVICES & DECORATION WORKS CO. LLC
शहरः MUSCAT

पूर्व स्वीकृत मितिः २०७९/०१/०६ चलानी नं.: ६०१७८१९७ LT. No.:261865 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaners | 28 | 0 | स. काममा दक्ष | 100 | ३१,८३६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaners | 0 | 2 | | 110 | ३५,०१९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ६ गते (22 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोनः ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्सः ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np
Mobile: 9801023106/9803518200/9851033221/9851117653/9851017234
9851314892/9851093611/9841194397/9842101326
9851039611/9851070510



**Kohalpur Municipality**
**Office of Municipal Executive**
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

**Invitation For Bids**

**Date of Publication : 2079/07/29 (Nov-15-2022)**

**Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke** invites bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/ KOMUN/W/ NCB-12/ 2079/080 | Sicklecell Lab Talla Thap. Kohalpur Municipality, Banke | 90 days | 2,874,476.15 | 75,000.00 | 3000.00 | |
| 2 | BANKE/ KOMUN/W/ NCB-13/2079/ 080 | Shree Shikhar Jadibuti Dekhi Purba Mohan Dangi Ko Ghar Samma Road Black top. Kohalpur Municipality-11, Banke | 90 days | 2,055,073.92 | 55,000.00 | 3000.00 | |
| 3 | BANKE/ KOMUN/W/ NCB-14/ 2079/08 | 07 No Ward Karyalya Jane Bato Kalopatre. Kohalpur Municipality-7, Banke | 90 days | 2,013,229.55 | 55,000.00 | 3000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission | 2079/08/ 29 ( Dec-15-2022 ) ( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2079/08/ 29 ( Dec-15-2022 ) ; at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur , Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank,Kohalpur, Banke, AC. Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch , Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur ,Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

# बाजुरामा गठबन्धनको आधिकारिक उम्मेदवारमै अन्यौलता

**मान बहादुर बिश्वकर्मा/मध्यान्ह**
बाजुरा, २८ कात्तिक

चुनाव आउन अब करिब ३ दिन मात्रै बाँकी छ भने विभिन्न राजनीतिक दलका नेता कार्यकर्ताले चुनाव प्रचार प्रचार गर्ने दिन १ दिन मात्रै छ। २ दिन मौन अवधी हुन्छ। यतिबेला राजनीतिक दलका नेता कार्यकर्ता चुनावी प्रचारप्रसार अभियानमा तीव्र गतिमा गरिरहेका छन्। देशभर पाँच दलिय गठबन्धन भइरहँदा बाजुरामा तीन दलिय गठबन्धन छ। यहाँ नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादी पार्टी मिलेपनि नेकपा माओवादीलाई गठबन्धन भित्रकै यी दुई पार्टीले असमर्थन गरेका छन्।

प्रदेश (क) मा कांग्रेस र माओवादी एक भएर चुनावी प्रचार प्रसारमा होमिएको भएपनि प्रदेश (क) को गठबन्धनबाट उम्मेदवार टुंगो नलगाएर नेपाली कांग्रेसले एकीकृत समाजवादीको उम्मेदवारलाई सघाएको छ। बाजुरामा कांग्रेसले उम्मेदवारी दर्तामा कर्ण बहादुर वि.क (केशव) लाई साथ दिएको थियो। तर अहिले चुनावी प्रचारप्रसारमा नरेश बहादुर शाहीलाई साथ दिएपछि माओवादी एक्लो भएको छ।

माओवादीका एक नेताले भने, 'हामी अब एक्लै चुनावी मैदानमा जाने भएका छौं। संघमा कांग्रेसलाई मत हाल्नुपर्छ भन्ने छैन्। हामीले कसलाई सहयोग गर्ने भन्ने छिट्टै निर्णय गर्छौं।' उनले नभए संघमा मतदातालाई स्वविवेक निर्णय गर्न लगाउने बताए। कांग्रेस, एमाले तथा स्वतन्त्रलाई आफ्नो तरिकाले मत हाल्न सक्ने बताउँदै माओवादीले कांग्रेसलाई अनिवार्य भोट हाल्नुपर्छ भन्ने बाध्यता नगर्ने उनको भनाइ छ।



नेपाली कांग्रेस बाजुराले उम्मेदवारी दर्ताको दिन बाजुरा प्रदेश (क) मा गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार कर्ण बहादुर वि.क (केशव) रहेको भन्दै सामाजिक सञ्जालमा तस्वीर सार्वजनिक गरेको थियो। कर्ण बहादुर वि.कको उम्मेदवारी दर्तामा कांग्रेसले साथ दिएको थियो। सार्वजनिक रुपमा गठबन्धनको उम्मेदवार प्रदेश (क) मा वि.क रहेको पार्टीका नेता कार्यकर्ताले प्रचार प्रसार समेत गरे।

उम्मेदवारी दर्ताको अन्तिम समयमा प्रदेश (क) मा नेकपा एकीकृत समाजवादीका नरेश शाहीले समाजवादी पार्टीबाट उम्मेदवारी दर्ता गराए। शाहीको उम्मेदवारी दर्ता भएको केही दिनसम्म गठबन्धनका उम्मेदवार वि.क कांग्रेसले भनिरहँदा त्यो धेरै समय टिकेन्। उम्मेदवारी दर्तामा वि.कलाई साथ दिएको कांग्रेस अहिले चुनावी प्रचारप्रसारमा नरेश बहादुर शाहीलाई सहयोग गरिरहेको छ। कांग्रेस बाजुराका सचिव भरत बहादुर रोकायाले बाजुरा कांग्रेसले नरेश शाहीलाई समर्थन गरिसकेको जानकारी दिए।

चारवटा स्थानीय तह तथा प्रदेश (क) बाट कांग्रेस नेता तथा कार्यकर्ताले नरेश शाहीलाई उम्मेदवारी अगाडि सार्नुपर्ने दवाव दिएपछि कांग्रेस बाजुराले उनलाई समर्थन गरेको सचिव रोकायाले जानकारी दिए।

केन्द्रबाट भने बाजुराको प्रदेश (क) मा गठबन्धनको उम्मेदवार कर्ण बहादुर वि.क कि नरेश बहादुर शाही भन्नेमा कुनै निर्णय आउन सकेको छैन्। माओवादीका उम्मेदवार वि.कले अहिले आफुहरु माओवादी केन्द्रको मात्र प्रचारप्रसारमा रहेको बताए।

नेकपा माओवादी केन्द्रबाट गठबन्धनको आधिकारीक उम्मेदवार कर्ण बहादुर वि.क आफु रहेको दावी गरिरहेका छन् भने नेकपा एकीकृत समाजवादीका नरेश बहादुर शाहीको आफु रहेको दाबी गरिरहेका छन्। गठबन्धनको पहिलो चरण केन्द्रमा भएको सहमतिको लिष्टमा बाजुरा प्रदेश (क) माओवादीको भागमा रहेको सार्वजनिक भएको थियो। उम्मेदवारी दर्ताको अन्तिम समयमा समाजवादीका नरेश बहादुर शाहीको नाममा पार्टीले टिकट दिएको थियो। कर्ण बहादुरको नाम भने माओवादीले पहिला नै निर्णय गरिसकेको थियो। नेकपा एमालेबाट प्रदेश (क) बाट बल्देब रेग्मीले उम्मेदवारी दिएका छन्।

# गाउँपालिकाकी पूर्वउपाध्यक्ष केसीले फिर्ता गरिनन् दोहोरो सुविधा

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २८ कात्तिक

गुल्मीको इस्मा गाउँपालिकाकी पूर्वउपाध्यक्ष बिमला केसीले गाउँपालिकाबाट दोहोरो सुविधा लिएको र अहिलेसम्म पनि फिर्ता नगरेको पाइएको छ। उपाध्यक्ष के.सीलाई गाउँपालिकाले लु १ ब २१५८ नं.को मोटरसाइकल उपलब्ध गराएको थियो। तर उपाध्यक्ष केसीले यातायात सुविधा र सवारीसाधन दुवै उपलब्ध गराएको साउनदेखि चैतसम्मको दोहोरो यातायात सुविधा वापतको रकम रु.१ लाख ८ हजार असुल गर्नुपर्ने भन्दै महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ।




स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा ऐन २०७६ को दफा ४(३) मा पदाधिकारीलाई सवारी साधन उपलब्ध गराएको अवस्थामा यातायात सुविधा नपाउने व्यवस्था छ।

महालेखा परीक्षणाको प्रतिवेदनमा उपाध्यक्ष खत्रीले दोहोरो सुविधा लिए बापत १ लाख ८ हजार रुपैयाँ बेरुजु देखिएको हो। उपाध्यक्ष गाउँपालिका न्यायिक समिति संयोजक हुन्। जसले कानून निर्माण गर्ने र कार्यान्वयन गराउने हो तर उपाध्यक्षले नै दोहोरो सुविधा लिने र महिनौ फिर्ता नगरेको पाइएको छ। असुल गर्ने विषयमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत धनिश्वर पौड्यालले उपाध्यक्षले लिएको दोहोरो सुविधा फिर्ता गर्नुपर्ने र अहिलेसम्म नगरेको बताए।

# सडक मानवको उद्धार तथा व्यवस्थापनप्रति महानगर प्रतिवद्धः प्रमुख शाह

**काठमाडौं/मस–** सामान्य मानवीय जीवन बाँच्न अरुको सहारा खोजिरहेका मानिसहरुको उद्धार र व्यवस्थापनमा काठमाडौं महानगरपालिका प्रतिवद्ध रहेको प्रमुख बालेन्द्र शाह (बालेन) ले बताएका छन्। सहयोगापेक्षी मानव व्यवस्थापनका लागि काठमाडौं महानगरपालिकाले मानव सेवा आश्रमसँग गरेको सम्झौता कार्यान्वयनको अवस्थालगायत विषयमा छलफल गर्न बोलाइएको बैठकमा उनले बताए।

नागार्जुन नगरपालिका वडा नं. ६ सेतो गुम्बासँग जोडिएको बागेश्वरी मन्दिर परिसरको कि. नं. ८२ र १८९ को करीब १८ रोपनी जग्गामा मानव सेवा आश्रम निर्माण गर्न काठमाडौं महानगरपालिका, नागार्जुन नगरपालिका र मानव सेवा आश्रमविच सम्झौता भइसकेको छ। भवन निर्माणका लागि स्रोत महानगरको, जग्गा प्राप्ति गर्ने नागार्जुन नगरपालिकाको र निर्मित भवनमा मानवीयताका काम गर्ने आश्रमको दायित्वसहित सम्झौता भएको हो। भवन बनाउन प्रस्ताव गरिएको जग्गा अहिलेसम्म नगरपालिकाले स्वामित्व र भोगाधिकार प्राप्त गरेको छैन। वैठकमा यस विषयमा छलफल गर्दै नगरपालिकालाई जग्गा प्राप्तिका लागि अनुरोध गर्ने निर्णय गरिएको छ।

काठमाडौं सहरका सडकमा रहेका सहयोगापेक्षीहरुलाई लिंग, उमेर समूह, शारीरिक तथा मानसिक अवस्था, आवश्यकता र प्रकृतिजस्ता अवस्थाका आधारमा छुट्याएर उद्धार गर्नुपर्ने अवस्था छ। यो कामको थालनी गर्नुअघि सुरक्षा निकायसहित सर्वपक्षीय बैठक योजना तर्जुमा गरिने भएको छ।

बैठकमा उद्धारपछि मृत्यु हुनेहरुको अन्तिम संस्कार कर्मका विषयमा छलफल गर्दै महानगरपालिका, मानव सेवा आश्रम र आर्यघाट व्यवस्थापन समितिविच सहकार्य गरिने, महानगरको सहयोगमा सञ्चालन भएको एम्बुलेन्स सेवालाई आश्रमका विरामीहरुलाई अस्पताल लैजान तथा सहयोगापेक्षी सम्बन्धी जानकारी लिन तथा सहयोग सम्बन्धी जानकारी दिन महानगरको कल सेन्टरलाई उपयोग गरिने भएको छ।

यस अघि सडकमा भेटिएका कतिपय व्यक्तिहरु मादक पदार्थको कुलतमा भेटिएकाले उनीहरुलाई पुनर्स्थापना केन्द्रमा राखेर सुधार गर्नु पर्ने भएकोले महानगर क्षेत्रभित्र भएका पुनर्स्थापना केन्द्रहरुसँग समन्वय गर्ने जिम्मा सामाजिक विकास विभागलाई दिइएको छ।

# आयोगको श्रेणी घटुवाप्रति पूर्वआयुक्तहरूको ध्यानाकर्षण

**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगका पूर्वआयुक्तहरूले आयोगको श्रेणी घटुवा भएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै आयोगका अध्यक्ष तथा सदस्यहरूलाई तत्काल मार्ग प्रशस्त गर्न माग गरेको छ। पूर्वआयुक्तहरूले आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै आयोगको अन्तर र्ाष्ट्रियस्तरलाई 'क' श्रेणीबाट 'ख' श्रेणीमा झार्न भएको निर्णयप्रति ध्यानाकर्षण जनाउँदै अध्यक्ष तथा सदस्यलाई मार्ग प्रशस्त गर्न माग गरेका हुन्।

'स्थापनाकालदेखि आयोगको स्वायत्तता, स्वतन्त्रता, तटस्थता, जनआस्था, गरीमा र कार्यक्षमता समेतलाई मध्यनजर गर्दै आयोगको अन्तर्राष्ट्रियस्तरलाई 'क' श्रेणीमा नै कायम राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा आयोगको विश्वसनीयता र नेपाल राष्ट्रको प्रतिष्ठा उच्च कायम राखिरहनुपर्छ', विज्ञप्तिमा भनिएको छ, 'हाल राष्ट्रिय मानव अधिकार आयोगमा कार्यरत अध्यक्ष तथा सबै सदस्यहरूलाई तत्कालै मार्ग प्रशस्त गर्न र आयोगलाई 'क' श्रेणीमा कायम राखिरहन आवश्यक सबै कार्य गर्न नेपाल सरकार, नागरिक समाजसहित सम्बद्ध सबैलाई हामी आह्वान गर्दछौं।'

राष्ट्रिय मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय सञ्जालको स्तर निर्धारणसम्बन्धी उपसमिति जेनेभाले पेरिस सिद्धान्तको विश्वव्यापी मान्यताअनुसार राष्ट्रिय मानव अधिकार आयोगहरूमा हुने नियुक्ति बारेको आधार तय गर्ने हुनाले सोबमोजिम मूल्याङकन, अनुगमन गर्ने गर्दछ। विज्ञप्तिमा भनिएको छ,'नेपाल राष्ट्रिय मानव अधिकार आयोगमा नियुक्ति भएका हालका पदाधिकारीहरूको वैधानिकता र उनीहरूको कार्यदक्षता समेतमाथि प्रश्न उठाउँदै नेपालको राष्ट्रिय मानव अधिकार आयोगलाई 'क' श्रेणीबाट 'ख' श्रेणीमा झार्ने गरी हालै गरेको निर्णयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।'

नेपालका मानव अधिकारवादीको अथक प्रयासबाट आयोग स्थापनाकाल (सन् २०००) देखि निरन्तर स्वायत्त, स्वतन्त्र, निष्पक्ष, तटस्थरूपमा कार्य सम्पादन गरी अविछिन्न र प्रभावकारीरूपमा अन्तर्राष्ट्रिय मञ्चमा निरन्तर 'क' श्रेणीमा रहँदै आएको आयोगलाई 'ख' श्रेणीमा झार्न भएको सिफारिसबाट नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धतामा गम्भीर प्रश्न खडा भएको पूर्वआयुक्तहरुको ठहर छ।

अन्तर्राष्ट्रिय मञ्चमा आयोग निरन्तर 'क' श्रेणीमा कायम रहेको, नेपाल सन् २०१७ र सन् २०२० मा संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद् निर्वाचित भई हाल क्रियाशील रहिरहेको अवस्थामा यस्तो सिफारिस आउनुलाई आयोगका हालका पदाधिकारीहरूको नियुक्तिमा भएको असंवैधानिक, अपारदर्शी र विवादास्पद नियुक्ति प्रक्रिया नै रहेको र यसले समग्र राष्ट्रको प्रतिष्ठामा पार्न सक्ने प्रभावप्रति चिन्तित तुल्याएको उल्लेख छ।


## हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/०१ मा दर्ता कायम भएको **टप रोल मिडिया प्रा.लि. (दर्ता.नं. १७५४६३/०७४/०७५)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०७/२६ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**


# नक्कली सुन धितो राखेर २४ लाख




**काठमाडौं/मस–** बैंकमा नक्कली सुन धितो राखी ऋण लिएको आरोपमा एक जना पोखराबाट पक्राउ परेका छन्। पक्राउ पर्नेमा पर्वतको कुश्मा घर भई पोखरा महानगरपालिका-२५ सराङकोटका २५ वर्षीय अभिषेक सुनार रहेका छन्। सुनारले बैंकमा नक्कली सुन धितो राखेर २४ लाख रुपैयाँ ऋण लिएको प्रहरीले जनाएकोछ। सुनारले बिरौटास्थित वाणिज्य बैंकको शाखाबाट १६ लाख ६० हजार र पृथ्वीचोकस्थित शाखाबाट ७ लाख ४५ हजार रुपैयाँ ऋण लिएको प्रहरीले जनाएको छ। ऋणको किस्ता तिर्न सुनार नआएपछि सुन जाँच गर्दा नक्कली भेटिएको हो।

सुनारमाथि ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभसम्बन्धी कसुरमा अनुसन्धान गर्न जिल्ला अदालत कास्कीबाट अनुमति लिएको प्रहरीले जनाएको छ।


## राहदानी हरायो

मिति २०७९/०५/२० गतेका काठमाडौं देखि उदयपुर जाँदा मेरो निम्न ब्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः योगेन्द्र कुमार राई**
**ठेगानाः उदयपुर**
**राहदानी नं.ः ०६१९७५१३**
**सम्पर्क नं. : ९८६३८२५९९१**



## मलेशियामा रोजगार
**LEADER STEEL SDN. BHD., PINANG** पुनः विज्ञापन
पुर्व स्विकृति मितिः 2022.06.03 चलानी नं. ६०१८०३९४ LT No. 264020

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Factory Workers | 16 | 1500 | 43125 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०७९ मंसिर ६ गते (22 November 2022) मेनपावर कार्यालयमा हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझनुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.ः ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.ः १५०९/०७४/७५



## मलेसियामा रोजगार
कम्पनी : **HIGH SPEED SPRING & HARDWARE SDN. BHD.**
शहर : Jalan
पूर्व स्वीकृत मितिः २०७९/०७/२८ चलानी नं.ः ६०१९१२६८ LT. No.: 275527

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Production Operator | 65 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ६ गते (22 November 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**क्याराभान इम्प्लोइमेन्ट सर्भिसेस प्रा. लि.**
श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोनः ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com



## मलेशियामा रोजगार
१. कम्पनीः **GOLDEN EAGLE SECURITY SERVICES SB**
शहरः Malaysia, Kuala Lumpur
पूर्व स्वीकृत मितिः २०७९/०७/२८ चलानी नं.ः ६०१९१२६७ L.T. No.: 275474

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Security Guard | 53 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ६ गते (22 November 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com



## चामुण्डाबिन्द्रासैनी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**जम्बुकाँध, दैलेख।**
**कर्णाली, प्रदेश, नेपाल**

**क्याटलग सपिङ्ग विधिवाट सवारी साधन खरिद सम्वन्धी उत्पादक वा आधिकारिक विक्रेताहरुलाई प्राविधिक प्रस्ताव दर्ता आव्हानको सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०७९/७/२९**

चालु आ.व. ०७९।०८० को लागि यस नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य संस्थाका लागि एम्बुलेन्स खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद ऐन २०६४को दफा ८ को उपदफा १ (क)(८) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरु विच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग विधि) वाट खरिद गर्नु पर्ने भएकाले तपसिलमा उल्लेख भए बमोजिमको सर्तहरुको अधिनमा रहि आधिकारिक विक्रेताहरुवाट शिलवन्दी प्रस्ताव दर्ता गराउने सम्वन्धी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१) इच्छुक इजाजत पत्र उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नम्वर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, Letter of Authorization आ.व. ०७८।७९ को कर चुक्ता प्रमाण पत्र, त्यस्तो सवारी साधन आपुर्ति गरेको विस्तृत विवरण सम्वन्धित कार्यानुभवको प्रमाण पत्र सहितको कागजातहरुको प्रतिलिपिहरु समावेश गरी देहाय अनुसारको एम्वुलेन्सको उत्पादनको प्राविधिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२.०० बजे सम्म यस कार्यालयमा शिलवन्दी प्रस्ताव दर्ता गराई सक्नु पर्ने छ।

२) दर्ता हुन आएका प्रस्तावहरु सूचना प्रकाशन भएको मितिले ८ औं दिनको (मिति २०७९।८।०६ गते) दिनको २.०० बजे खोलिने (उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र) छ।

३) एम्वुलेन्सको स्वीकृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयवाट निःशुल्क तथा यस कार्यालयको Website : www.chamundabindrasainimun.gov.np वाट समेत Download गरी प्राप्त गर्न सकिने छ।

४) प्रस्ताव सम्वन्धि थप केहि बुझ्नु परेमा ९८५८०३८१७८,९८५८०५१०३३ मा सम्पर्क गरी बुझ्न सकिने छ।

| सि.नं. | सवारी साधनको विवरण | संक्षिप्त विवरण | कैफियत |
| --- | --- | --- | --- |
| १ | एम्वुलेन्स | Hard Top Ambulance, 4 wheel Drive, Maximum rated power output not less than 45kw and Maximum torque not less than 110NM, The ambulance must contain all basic life support equipment (Type B Ambulance as Prescribed By ambulance Service guideline 2078 (Health Ministry Of Nepal) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेशिफिकेशन बमोजिम हुने छ। |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२९ कात्तिक २०७९, मंगलबार
15 November 2022, Tuesday

## सम्पादकीय

## राजनीतिक विकृतिको नतिजा

राष्ट्रिय मानव अधिकार आयोग नेपालको प्रतिष्ठामाथि गम्भीर प्रश्न उठ्नेगरी जेनेभास्थित मानव अधिकार आयोगहरूको अन्तर्राष्ट्रिय सञ्जाल गानरीले सिफासि गरेको छ । गानरीले नेपालको मानव अधिकार आयोग सरकारसँग स्वतन्त्र र स्वायत्त रहन नसकेको निष्कर्ष सहित 'ख' श्रेणीमा घटुवा गर्न सिफारिस गरेको छ । यो सिफारिस अनुसार अब आउने वर्ष नेपालको घटुवा हुनेछ । जुन २१ वर्षदेखि नेपालले पाउँदै आएको श्रेणी खोसिनु हो । नेपालको श्रेणी घटुवासँगै दक्षिण एसियामा अब भारतसँग मात्रै 'क' श्रेणीको प्रतिष्ठा बाँकी रहनेछ । गानरीको सिफासिसँगै आयोगका पूर्व अध्यक्षहरूले संयुक्त बक्तव्य जारी गरेर आयुक्तहरूलाई सामूहिक राजीनामा गर्न आग्रह गरेका छन् । आयोगको प्रतिष्ठा जोगाउन आयुक्तहरूसँग राजीनामाको विकल्प रहेको नरहेको पूर्व प्रमुखहरूको सुझाव छ ।

पूर्व अध्यक्षहरूले नेपालको घटुवा हुनुलाई साह्रै लज्जाको विषय भनेका छन् । 'ख' श्रेणीमा झर्नुको अर्थ विश्व सामू मानवअधिकारको सम्मान नगर्ने मुलुक नेपाल भएको सन्देश गएको छ । यसले मानवअधिकार आयोगले पाउने अनुदान मात्रै घट्ने छैन, नेपालीहरूले विश्वमा पाउँदै आएको सम्मान समेत गुमाउनेछ । मानव अधिकारको सम्मान नगर्ने मुलुकले अरू थुप्रै अवसर गुमाउनेछन् । अहिलेका आयुक्तहरूको नियुक्ति प्रक्रियालाई मात्रै हेर्दा पनि गानरीको सिफारिसको खण्डन गर्ने बलियो आधार देखिदैन । २०७७ मंसिर ३० गते संवैधानिक प्रक्रिया बिपरीत अध्यादेशबाट आयुक्तहरू नियुक्त भएका थिए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेश ल्याएर बिना संसदीय सुनुवाई आयुक्तहरू सिफारिस गरे भने राष्ट्रपति विद्यादेवी भण्डारीले आँखा चिम्लेर नियुक्त गरेकी थिइन् । यो नियुक्तिविरूद्ध सर्वोच्च अदालतमा परेको मुद्दा विचाराधीन छ ।

तर त्यसको नतिजा भने गानरीको सिफारिसबाट देखिन थालेको छ । यो बाहेक घटुवा हुनुपर्ने अरू कारण पनि हुन सक्छ । तर त्यसको मूल कारण भने आयुक्तहरूको असंवैधानिक नियुक्ति र त्यसविरूद्ध परेको मुद्दा हो । यी दुई कारणले आयोगको निष्पक्षतामाथि लगातार प्रश्न उठ्दै आएको छ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा देखिएको विवादकै उपक्रममा आयोग समेत संकटमा परेको यो एउटा उदाहरण हो । आयोगको मूल्यांकन अन्तर्राष्ट्रिय निकायले गरेपनि अरू संवैधानिक निकायको नेतृत्व पनि विवादित रूपमै भएको थियो । यसले हाम्रो संवैधानिक निकायहरूमा राजनीतिक बिकृतिको गहिरो असर परेको बुझाउन सहयोग गरेको छ । जसलाई सच्याउनुको विकल्प छैन ।

# लोकतन्त्र र निर्वाचन

*जुन लोकतन्त्र मानवतावादी मूल्यमा आधारित समानता, न्याय, स्वाधीनता, शान्ति, भाइचारा र समृद्धिका निमित्त जनतामा समर्पित र जनताप्रति वस्तुतः उत्तरदायी हुन्छ त्यो नै सत्य हुन्छ । अब शोषणमा आधारित लोकतन्त्र निरर्थक भइसक्यो भन्नेमा कुनै अत्युक्ति हुनेछैन ।*

अग्रलेख




● लोकनारायण सुबेदी

आजको बहुलवादी समाजमा कुनै व्यक्ति विशेषको मत कुनै खास विषयमा बेग्ला-बेग्लै हुनु अस्वाभाविक होइन । मानिसको मन र मतलाई कुनै एउटा यन्त्रको बटन दबाएर नियन्त्रण र कैद गर्न पनि कहीं कतै सकिँदैन । त्यसैकारणले साँचो लोकतन्त्रमा न एकपटक प्रतिनिधि चुनेपछि पाँच वर्षसम्म चुन्नेहरू बन्धक बन्ने कुरा नै आउँछ, न त जनता र देश विपरितका अनेक घातक, नाटकीय र अवाञ्छित घटना घट्दा चुपचाप बस्ने कुरा नै आउँछ । त्यसमा पनि चुनावका बेलामा दिइएको मत कुनै पनि प्रतिनिधिलाई देश र जनताका विरुद्ध मनोमानी गर्नका लागि दिइएको मत बिलकुलै हुनुहुँदैन । त्यसको ठिक विपरीत त्यो मतादेश त जनताप्रति उत्तरदायी हुँदै र पटक-पटक उनीहरूको जनादेश लिँदै चल्न समर्पित जनता र देशप्रति हुनुपर्ने महत्वपूर्ण मत हो । वास्तवमा जनताको मतादेश जनताका लागि अनि जनता र राष्ट्रको हितमा काम गर्ने अनुमति हो । यसर्थ, कुनै पनि तन्त्रलाई त्यतिबेला मात्र उपयुक्त र सही मान्न सकिन्छ जतिबेला त्यस तन्त्रले जनताको उद्देश्यअनुरूप काम गर्छ वा त्यस दिशामा काम गर्न उद्यत र प्रयत्नशील बनिरहेको हुन्छ । अरू कुनै फाल्तु काम धन्धामा उसले समय बिताइरहेको र राष्ट्रको श्रम, सीप र समयको दुरूपयोग गरिरहेको हुँदैन ।

यद्यपि हामीकहाँ तीन/तीन पटक ठूला-ठूला राजनीतिक परिवर्तन भएर पनि जनताका लागि जनप्रतिनिधिहरूले गर्नुपर्ने काम ठीक किसिमले पटक्कै गरेको पाइन्न । कुनै अपवाद बाहेक आज लोकतन्त्र बजेट मारा, देशमारा र लुटतन्त्रको पर्याय बन्न पुगिरहेको या त्यो दिशातर्फ धकेलिँदै गएको प्रष्टै देखिन्छ । त्यसकारण आजको लोकतन्त्रमा 'लोक' अर्थात् जनताको लागि कुनै स्थान छैन । त्यसको विपरीत यो धनशक्ति र हिंसा शक्तिमा आधारित बन्न पुगेको छ । देशमा उत्पन्न, अराजकता, अन्योल र अवाञ्छित स्थितिले यही दर्शाउँदछ । मुलुक र मलुकबासी रुग्ण र दयनीय अवस्थाबाट गुज्रिनु र परनिर्भर तथा परमुखापेक्षी हुनुको कारण पनि यही नै हो । यसले के प्रष्ट पार्दछ भने जुन उद्देश्यले लोकतन्त्र स्थापना गरिएको हो भनिएको थियो त्यसबाट जनताका लागि कुनै प्राप्ति नहुने रहेछ भन्ने निष्कर्ष निस्कन्छ । वास्तवमा यस्तो तन्त्रलाई लोकतन्त्र भन्नु र मान्नु नै गलत रहेछ भन्ने साबित हुँदै गएको छ ।

निश्चय पनि सामन्ती राजतन्त्रभन्दा लोकतन्त्र प्रगतिशील व्यवस्था हो । जसमा जनतालाई आफ्नो निम्ति काम गर्ने वारेस या प्रतिनिधि चुन्ने अधिकार हुन्छ । यदि ती प्रतिनिधिले ठिक किसिमले काम गर्दैनन् भने जनताले तिनलाई तत्कालै या समय क्रममा बदल्न या फिर्ता बोलाउन पनि सक्छन् । तर, के हुँदै आएको छ भने जनताले आफ्नो मतद्वारा प्रतिनिधि या प्रधामन्त्री या राष्ट्रपति चुनेपछि यो लोकतन्त्र पनि प्रधानमन्त्री या राष्ट्रपतिको मर्जीले नै चल्ने गर्दछ । नीति निर्धारणमा नागरिकहरूको कुनै भूमिका रहँदैन । वंशवादबाट प्राप्त एउटा राजाको ठाउँमा मतदाताहरूबाट चुनिएको प्रधानमन्त्री या राष्ट्रपति (नयाँ राजाहरू) दिने बाहेक राजतन्त्रभन्दा भिन्न लोकतन्त्रले भिन्नता देखाउन सकेको छैन । जनप्रतिनिधि नभएर शासक नै चुनेको जस्तो व्यवहार गरिन्छ र जनताको उपेक्षा भइरहन्छ, त्यसलाई के आधारमा लोकतन्त्र मान्ने भन्ने प्रश्न उठ्छ नै !

अवश्य पनि राजतन्त्र एउटा वंशवाद थियो र त्यहाँ अत्यन्तै अल्पमतले बहुमतमाथि शासन गर्दथ्यो । लोकतन्त्रमा के मानिएको छ भने लोकतन्त्र बहुमतको आधारमा चल्छ । उदाहरणका लागि बहुमतको सिद्धान्तअनुसार पाँच प्रतिशत बाल बच्चाले सही लेखेको जवाफका लागि गलत जवाफ दिने ९५ प्रतिशत बालबालिकाले भन्न सक्छन् कि गलत जवाफ दिने बालबालिकाहरूको संख्या बढी छ । त्यसकारण पाँच प्रतिशत सही जवाफ दिने बालबालिकाको जवाफ सही हुन सक्दैन । यत्तिका ठूलो संख्यामा बालबालिका गलत हुन सक्दैनन् । यद्यपि, जीवनको कुनै पनि परिक्षामा सही या गलतको निर्णय बहुमतको आधारमा गर्नै सकिँदैन र गरिँदैन । तर, लोकतन्त्रमा बहुमतको आधारमा धेरै बालबालिकाको निर्णयलाई नै सही मानिने गर्दछ । चाहे त्यो लोकप्रतिनिधिको निर्वाचन होस् या अरू कुनै कानूनका लागि विधेयक पारित गर्ने कामका लागिको चुनाव होस्, त्यसको यस्तै बहुमतका आधारमा निर्णय लिने गरिन्छ । हामीकहाँ त अझ 'हुन्छ भन्नेको भन्दा हुन्न भन्नेको र 'हुन्न भन्नेको भन्दा हुन्छ' भन्नेको स्वर ठूलो सुनिएको भनेर विधेयक पारित गर्ने या अस्वीकार गर्ने प्रचल नै बसालिएको छ ।



*हामीकहाँ तीन/तीन पटक ठूला-ठूला राजनीतिक परिवर्तन भएर पनि जनताका लागि जनप्रतिनिधिहरूले गर्नुपर्ने काम ठीक किसिमले पटक्कै गरेको पाइन्न । कुनै अपवाद बाहेक आज लोकतन्त्र बजेट मारा, देशमारा र लुटतन्त्रको पर्याय बन्न पुगिरहेको छ या त्यो दिशातर्फ धकेलिँदै गएको छ । यही परिपाटीभित्रको चुनावबाट लोकतन्त्रको रुप फेरिने सम्भावना न्यून रहन्छ ।*

